साँगुरीगढी गाउँपालिका
Sanguriagadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

प.सं. २०८३/०८४ कोशी प्रदेश नेपाल
च.नं.: Koshi province Nepal

## कोशेली घर संचालन सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना
### तेस्रो पटक प्रकाशित मिति २०८३।०५।०८

यस साँगुरीगढी गाउँपालिकाको स्थानीय आर्थिक ऐन बमोजिम आ.व. २०८३।०८४ को लागि कोशेली घर संचालन गर्नु पर्ने भएकाले स्थानीय आय व्यवस्थापन(कार्यविधि) ऐन, २०७९ को दफा (२८) बमोजिम सिलबन्दी दरभाउपत्र वन्दोवस्त गर्नु पर्ने भएकाले देहायको न्यूनतम ठेक्का अङ्कमा नघट्ने गरी इजाजत प्राप्त, फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि, नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता तथा नियमानुसार कर चुक्ता प्रतिलिपि पेश गरी इच्छुक फर्म वा कम्पनीहरुले रितपूर्वक सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.स. | सिलवन्दी दरभाउ पत्र | न्यूनतम अङ्क (मासिक) | दरभाउ पत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | SRM/SQ/IR-08-083/084 | ५६५०.०० (मु.अ.क समेत) | १०००.०० | |

शर्तहरु

१. कोशेली घर संचालन शुल्कको दर, विवरण, परिणाम तथा स्थान सिलबन्दी दरभाउ पत्रसाथ उपलब्ध गराउने छ । सिलवन्दी दरभाउ पत्रको सूचना प्रकाशन भएको मितिले ७ औं दिन (सार्वजनिक विदा पर्न गएमा लगत्तै पछि कार्यालय खुलेको दिन) कार्यालय समय भित्र खरिद गरिसक्नु पर्नेछ । सो दिनको भोलीपल्ट वा ८ औं दिन दिनको १२.०० वजे सिलबन्दी दरभाउ पत्र पेश गरिसक्नु पर्नेछ । पेश हुन आएको सिलबन्दी दरभाउ पत्र सोही दिन दिनको २.०० वजे साँगुरीगढी गाउँपालिकाको कार्यालय भेडेटारमा खोलिनेछ ।

२. सिलबन्दी दरभाउ पत्र खरिद गर्न साँगुरीगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भेडेटारको नवील वैंक लि.भेडेटार शाखामा रहेको धरौटी खाता नं. २११०१०१७५०००३७ मा कबोल अङ्कको ३ प्रतिशत रकम जम्मा गरेको भौचर वा प्रचलित कानून बमोजिम मान्यता प्राप्त “क” वर्गको बैंकबाट यस कार्यालयको नाममा

पुण्य प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

साँगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

प.सं. २०८३/०८४
च.नं.:

कोशी प्रदेश नेपाल
Koshi province Nepal

जारी भएको कम्तीमा ७५ दिन अवधि भएको विडवण्ड पेश गर्नु पर्नेछ । सिलवन्दी दरभाउ पत्र खरिद वापतको रु १०००/- यस कार्यालयको नाममा नवील बैंक भेडेटार शाखामा रहेको आन्तरिक राजस्व खाता नं.२११०१०१७५०००३७ जम्मा गरेको बैंक भौचर पेश गर्नु पर्नेछ ।

३. कोशेली घर संचलनको ठेक्का सम्झौता अवधि सम्झौता भएको मितिदेखि २०८४ असार मसान्तसम्म हुनेछ ।

४. दरभाउ पत्र कबोल रकम अंक र अक्षरमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ । अंक वा अक्षरलाई काट्नु पर्ने भएमा एकडोराले कट्टी गरी पुनः लेखी सहीछाप गर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउ पत्र बमोजिम कबोल गरिएको अंक बराबरको मूल्य अभिबृद्धि कर वापतको रकम ठेक्का सम्झौता गर्नु पूर्व प्रचलित कानूनले निर्धारण गरेबमोजिमको खातामा जम्मा गर्नु पर्नेछ । अन्य प्रचलित कानून वमोजिम बुझाउनु पर्ने कर दस्तुर आदि बुझाउनु पर्ने रकम व्यवसायी आफैले बुझाउनु पर्नेछ ।

६. ठेक्का व्यवस्थापन सम्बन्धी कर्मचारी तथा रसिदको ब्यवस्था ठेकेदार आफैले गरी गाउँपालिकाको कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।प्रमाणित भएको रसिद प्रयोग नभएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

७. वन्द, हड्ताल जस्ता घट्नाका कारणवाट हुने नोक्सानीका लागि कुनै क्षतिपूर्ति वा छुट दिइने छैन ।

८. यस सूचनामा उल्लेख भएका शर्तको हकमा सोही शर्त बमोजिम र नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनले निर्धारण गरेको शर्त पुरा नभएको वा कुनै प्रविधिक कठिनाई पर्न गएमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार साँगुरीगढी गाउँपालिकाको कार्यालयलाई हुने छ ।

१०. सिलवन्दी दरभाउ पत्र सम्बन्धी अन्य कुरा जानकारी लिनु पर्न भएमा कार्यालय फोन नं. ०२५-४०००५८ र ०२५-४०००६८ सम्पर्क गर्न सक्नु हुनेछ ।

पुण्य प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner